# "ओहो "यो टोकरी/बट्टा के को लागी?"
# आफूले आफैलाई सहयोग गर्ने एनएको सिद्धान्त

## एउटा सदस्यको जिज्ञासा............

हामी सबैलाई सुचना दिइएको थियो कि एनएको सदस्यता लिन कुनै शुल्क तिर्न पर्दैन । त्यसो भए टोकरी किन? कोही बयान गर्छन कि "एन.ए. समूह बाहिरी अनुदान अस्वीकार गरी पूर्ण रुपमा स्वावलम्बी छ । यस कारण हामी आफ्नो सुधार पनि आफ्नो तरीकाले लिन्छौं न कि अरुको समर्थन र सहयोगबाट । एनएमा आएर स्वच्छ जवीन शरु गर्नु भन्दा अघि हामीले अरुबाट लिनें, र केबल लिने काम मात्र गर्यौं । तर एनएमा आए पछि हामीले के सिक्छौं भन हामी हाम्रो आफ्नो र हाम्रो फेलोसिपको लागी जिम्मेवार हुन्छौं ।

## आफूले आफ्नो सहयोग आफैंबाट किन ?

आफूले आफैलाई सहयोग गर्ने एनएको महत्वपूर्ण जीवन पद्धति हो । हामी नशा लिने समयमा अरु व्यक्तिहरु माथि धेरै निर्भर हुन्थ्यौं । जब हामी आफूले आफैं प्रति गैर जिम्मेवार थियौ तब हाम्रो परिवारका सदस्यहरु, साथीभाइहरु, हाकीमहरु, संघ संस्थाहरु, अस्पतालहरु र बन्दीगृहहरुले हाम्रो जिम्मेवारी लिन थाले । हाम्रो केवल एउटा मात्र जिम्मेवारी नशा सेवन गर्नु थियो । यस्तो देखिन आयो कि जहाँ पनि हामी पुग्यौ हामी हरुको लागी बोझ बन्न थाल्यौ । हामीले आफ्नो परनिर्भरता धेरै तरीकाले चुकायौ/निभायौ । जबसम्म परनिर्भरताको प्रवृत्ति हामीमा हाबी भई रहन्छ तबसम्म हामी पूर्णरुपले स्वतन्त्र हुन सक्दैनौ । तसर्थ हाम्रो जीवन आफ्नो हकमा थिएन । हाम्रो आत्मा-केन्द्रीत जीवनशैलीले आफ्नो स्वाभीमान पनि गुमाउन पुग्यौ । यो एकदम्मै नरमाइलो किसिमको जीवनशैली हुन पुग्यो । तसर्थ, आफूले आफैलाई सहयोग गर्ने सिद्धान्तको उपायबाट हामी गुमेको आत्म सम्मान र बिग्रदै गएको जीवनशैलीमा सुधार ल्याउँन सक्छौं । र हामी आफ्नो तरीकाले खर्च आफैं बेहोरछौं । आफूले आफैलाई सहयोग गर्ने माध्यमबाट हामी आफ्नो आत्म सम्मान र स्वतन्त्रता सुनीश्चीत गर्छौं । त्यस्तो गर्दा एनएको समूहलाई पनि त्यही सहयोग पुग्न जान्छ ।

धेरै जसो एनए समूहमा उनीहरुको बैठक पत्रमा यस्तो लेखिएको पनि पाइन्छः हाम्रो सातौं परम्परा अनुरुप प्रत्येक एनए समूह बाहिरी अनुदानहरु अस्वीकार गरी पूर्ण रुपमा स्वाभलम्बी हुनुपर्छ । टोकरीमा जम्मा भएको पैसा, किताब, खाजा र कोठा बालको निम्ति जान्छ । यसले पनि एनएको सन्देश बोक्न हाम्रो टोल छिमेक र विश्व साम्मुन्ने पुग्न मद्धत गर्दछ ।

हामलिाई मद्धत चाहिएको खण्डमा एनए समूह र सेवाहरु पनि उपलब्ध छन् । टोकरीमा जम्मा हुने आर्थिक संकलनको सहयोगबाट नै हाम्रा यी सेवाहरु विस्तार हुन्छन् । एनएका सेवाहरुले हामी सबैलाई मद्धत पुर्‍याएको छ । अस्पताल र सुधार केन्द्रहरुमा आउने एनएका सदस्यहरु मार्फत ल्याइएका पुस्तक पर्चाहरु र उनहिरुको जीवन कथा सुनेर पहिलो पटक एनएको संदेश थाहा पायौं । अरु साथीहरुले टि.वी. र रेडियो मार्फत थाहा पायौं । हामीले फोन मार्फत पनि पहिलो एनए बैठकको बारे जानकारी पायौं । अहिले हामीले जानकारी दिन खोजिरहेको ती अस्पताल र सुधार केन्द्रमा भएका पुस्तकहरु, टि.वी.मा देखाइएका संदेशहरु र ती टेलिफोन सम्पर्कहरु नै एनएका सेवाहरु हुन् । यदि तीं सेवाहरु उपलब्ध नभएको भए हामीहरु प्रायले रिकभरीको बाटो र नयाँ जीवन पाउँदैनौं थिए होला । तसर्थ एनएले हामीलाई नयाँ जीवनको शुरुवात गर्न सहयोग पुऱ्यायो ।

जब हामी प्रथम पटक एनए बैठक पुग्यौं हामी त्याहा बसेर आफू जस्तै अरु साथीहरु संग छलफल शुरु गऱ्यौं । जीवनमा पहिलो पटक हामीलाई एक्लो महसुस भएन । अरु साथीहरु पनि सम्स्याग्रस्त र रनभुल्लमा परेको अनुभव भयो । हामी अरु साथीहरुको दुर्व्यसन र रिकभरी सम्बन्धी अनुभवहरु सुन्छौं । उनहिरुको अनुभवहरु सुने पश्चात् जुन दशापूर्ण जीवन हामी बिताइरहेका थियौं त्यसबाट मुक्त हुने आशा पलाएर आउँछ । यसरी जब हामी बारम्बार मिटिङ्ग जान्छौं हामीले अरु साथीहरुबाट स्वच्छ रहन र जीवन जीउन सहयोग मिल्छ । यसै गरी हामीले नशा बिनाको जीवन पनि सम्भव रहेछ भन्ने थाहा पायौं । हाम्रा एनए समूहहरुले खरीद गरेका र हाम्रै फेलोसिपले लेखन तथा प्रकाशित पर्चा, पुस्तक र पत्रिकाहरु हामीहरुले घर लग्यौं । ती पर्चा, पुस्तक र प्रकाशन हामी सुधार सम्बन्धी सम्पूर्ण ज्ञान र संदेश प्राप्त गर्छौं । साथै अन्य सदस्यहरुको सम्पर्क फोन नंबर पनि एनए मिटिङ्गबाट पायौं । हामीले ती सम्पर्क नंबरहरु स्वच्छ र शान्त रहन प्रयोग गर्यौं । समष्टीगत रुपमा एनए मिटिङ्गले हामीलाई नयाँ जीवन शुरु गर्न सहयोग पुऱ्याउँछ ।

एनए समूहको सदस्यताले हामीलाई पुर्नजीवन दियो । एनएको सदस्य हुन केवल एउटै आवश्यकता नशा छोड्ने चाहना मात्र हो तर यसै संग अरु अवसरहरु पनि आउने गर्दछन् । अवसरहरु संगै जिम्मेवारी पनि आउँछन् । यी मध्ये सबै भन्दा ठूलो अवसर र जिम्मेवारी भनेको हामीले दिने आर्थिक अनुदान हो, जसले एनएलाई आर्थिक रुपले आत्म निर्भर बनाउँछ । सक्रिय दुर्व्यसनमा हामी सधैं हरु माथि निर्भर थियौं । तर सुध्रिने क्रममा हामी आफूलाई सहयोग गर्न थाल्दछौं र हामीलाई मद्धत गर्ने समूहहरुलाईृ पनि सहयोग गर्दछौं । यसो गर्दा, हामीले कमाएको नयाँ आत्म सम्मान र स्वतन्त्रताको सुरक्षा हामी आफैं गर्छौं ।

हामीले निस्वार्थ भावले पाएको मद्धत हामी अरु समक्ष पुऱ्याउने अवसर पनि पाउँदछौं । अस्पतालमा पुऱ्याईने एनएका पर्चा र पुस्तकहरु, रेडियो र टि.वी मार्फत गरीने प्रसारणहरु, फोन सम्पर्क, लेखन तथा प्रकासन यी सबै रिकभरी सामग्रीहरु र मिटिङ्ग संचालन कार्यमा पूंजीको आवश्यकता पर्दछ । आफूलाई एनए समूह र सेवामा समर्पित गर्दा टोकरीमा गरीने आर्थिक अनुदानले हामी आफ्नो दुई हातले मात्र दिन नसिने सहयोग भन्दा अघि बढेर मद्धत गर्न सहयोग पुऱ्याउँदछ । हामी यो अवसरको स्वागत गर्दछौं । जसले गर्दा पाएको अवसरमा हामीले सितैं भेटेको मद्धत हामी त्यसरी नै दिने मौका पाउँदछौं ।

एउटा अचम्मको कुरा, एनए मिटिङ्गको टोकरीले हामीलाई के जनाउँछ भने अरुलाई दिनु भनेको हामी आफैंलाई सहयोग गर्नु हो र टोकरीमा पैंसा राख्नु नै हाम्रो लागी सम्मान र जिम्मेवारीको कुरा भयो ।

## टोकरीले कसरी काम गर्दछ ?

सदस्यहरुबाट टोकरीमा राखिएको रकमले मिटिङ्गको खर्च उठ्ने गर्दछ, साथै सो रकमले एनए पर्चा र पुस्तक, रिकभरी टोकनहरु, खाजानास्ता र कोठा भाडाको पनि खर्च जुटाईनछ । जब एनए समूह आर्थिक रुपमा सबल हुनुको साथै केहि मात्रामा बढी रकमको संकलन गर्न सक्षम हुनछ, सो रकम हामी स्वत अरु कार्यगतिविधिमा लगाउँछौ ।

एनए समूहले ठूलो मात्रामा आर्थिक रकम संचय गर्न हुदैंन । यदि हामी यस्तो गर्छौं भने हामी आफ्नो अध्यात्मिक सिधान्तको सम्झौता गर्न पुगछौं, जहाँ पैसा, सम्मान र सम्पतिको कारण हाम्रो प्राथमिक लक्षय र मान्यताको विपरित हुनजान्छ । यसतो कार्यले हाम्रो अध्यात्मिक सिद्धान्तको विपरित काम गर्नाले सुधारको निमित्त आवश्यक वातवरणलाई खलबलाई दिन्छ । तसर्थ हाम्रो बाह्र पाइला र बाह्र परम्परालाई बुझ्न अति महत्वपूर्म हुन्छ । जब हामी ईमान्दारीपूर्वक यी सिद्धान्तको पालना गर्दछौं तब हामी बुझ्दछौं कि दिनु भनेको अवसर मात्र होइन यो एउटा मौका पनि हो जसले हामीलाई रिकभरी र आध्यात्मिक विकासमा पनि टेवा पुऱ्याउँछ । आध्यात्मिक, मानसिक र शारीरीक रुपमा दिनु भनेको नै पाउनु हो तसर्थ जति धेरै हामी अरुलाई दिन सक्छौं त्यति धेरै हामी फिर्ता पाउँछौं । यो मान्यता व्यक्ति र समूह दुवैको लागी सत्य साबित हुन जान्छ ।

हामी यसरी एनए सेवालाई एरिया स्तर सम्म पुऱ्याउन सक्छौं । व्यक्तिगत रुपमा गर्न नसकिने काम एरिया सेवा समिति ( एएससी) ले गर्न सक्षम हुन्छ, जसले हाम्रो प्राथमिक लक्षलाई कार्यान्वयन गर्दछ । एनए समूहमा संकलन हुने रकम एएससी को लागी महत्वपूर्ण हुन्छ किनकि यसले गर्दा सार्वजनिक जानकारी, चिठ्ठीपत्र, फोन सम्पर्क, मिटिङ्ग तालीका, जेल तथा अस्पतालका साथीहरुलाई पुस्तक पर्चा र अन्य क्रियाकलापको खर्च बेहोर्न सक्दछ । यही सातौं परम्पराको मान्यता क्षेत्रिय र विश्व स्तरीय सेवामा पनि पालना गरिन्छ ।

हाम्रो प्राथमिक लक्ष्यलाई सही ढंगबाट कार्यान्वयन गर्न, हाम्रा एनए समूहहरु आर्थिक रुपमा पनि जिम्मेवार हुनुपर्दछ, जसले गर्दा एनएको संदेश हरेक सेवा स्तर र अन्य देशहरुमा पुग्न सकोस् जहाँ दुर्व्यसनीहरु सुधारको अपेक्षा राख्ने गर्दछन् ।

हाम्रो एनए मिटिङ्ग खुल्ला राख्न र सेवा संचालन गर्नको निमित्त पैसाको आवश्यकता पर्दछ । तर हामी बाह्रय सहयोगको आशा राख्दैनौं । नारकोटिक्स् एनोनिमसलाई जीवीत र गतिशील राख्न हामीले जिम्मेवारी नउठाएमा अरु कसैबाट पनि हुने सम्भव छैन । हामी सित अरु कुनै बिकल्प पनि छैन । हामी सबैले सुध्रिने क्रममा सहयोग गर्ने फेलोसिपलाई आफ्नो योगदान दिन आवश्यक छ । हामी सबैले आ-आफ्नो तर्फबाट गर्न सक्ने सहयोग सुनिश्चीत गरी हामी जस्ता अरु कोही पनि रिकभरी खोजिरहेकाहरुलाई राम्रो जीवन जीउने मौका नदिईकन मर्न नदिन प्रण गर्नु पर्छ । हामीले यस्तो गर्नुको पछाडी व्यक्तिगत रिकभरी, हाम्रो तथा हाम्रो फेलो दुर्व्यसनीहरु र एनएको एकतामा निर्भर हुन्छ । एनए सदस्यहरु बीच समन्वय कायम नहुने हो भने एनए एकतामा बाँधिन सजिलो हुदैन । सारंशमा, टोकरी घुमाउनु नै नारकोटिक्स् एनोनिमसको एकताको प्रतिबिम्ब हो । जसरी हाम्रो पहिलो परम्पराले जनाउँछ, हाम्रो सामुहिक कल्याण पहिला आउनु पर्छ । व्यक्तिगत सुधार एनएको एकतामा निर्भर हुन्छ ।